COM. REG. No.: 218732/075/076
PAN No.: 303532918

Chirkhwa Hydro Power Ltd.

Kathmandu Metropolitan City-10, Buddhanagar, Kathmandu
Phone No.: 977- 01-4524381, P.O.Box 19387, E-Mail: chirkhwa@gmail.com

मितिः २०८२/४/३०
प.स. ०८२/०८३
च.नं. ११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।
सिंहदरवार प्लाजा, काठमाडौँ ।

विषय : चौथो त्रैमासिक वित्तीय विवरण प्रकाशन गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस चिरख्वा हाइड्रोपावर लि.को आ.व. २०८१/०८२ को असार मसान्त सम्मको चौथो त्रैमासिक वित्तीय विवरण मिति २०८२/४/३० गते राष्ट्रिय दैनिक पत्रिका समाचारपत्रमा प्रकासित गरिएकोले सोको जानकारी तथा अभिलेखका लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

Chirkhwa Hydropower Ltd. 2019 Nepal

धर्म प्रसाद तिम्सिना
कम्पनी सचिव

Chirkhwa Hydropower Limited
KMC-10, Nepal

Unaudited Statement of Financial Position

Amount in NRs.

Particulars	This Quarter Ending on Asadh, 2082 (Unaudited)	Previous Quarter Ending on Chaitra, 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Asadh, 2081 (Unaudited)
Assets			
Non- Current Assets:			
Property, Plant & Equipment	15,36,417	16,03,472	14,38,336
Intangible Assets	1,13,64,62,609	1,14,62,93,069	1,08,17,68,193
Right of Use(ROU) Assets	22,52,370	24,09,512	-
Intangible Assets Under Construction	-	-	-
Other Non-Current Assets	50,000	50,000	50,000
Total Non- Current Assets	**1,14,03,01,396**	**1,15,03,56,053**	**1,08,32,56,529**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	5,52,499	1,08,26,081	3,85,454
Trade Receivables	1,66,72,588	1,26,72,899	1,10,26,566
Loans and Advances	3,42,20,434	3,56,42,248	3,09,65,106
Other Current Assets	48,68,562	48,68,562	64,13,311
Total Current Assets	**5,63,14,083**	**6,40,09,790**	**4,87,90,437**
Total Assets	**1,19,66,15,479**	**1,21,43,65,843**	**1,13,20,46,966**
Equity			
Share Holder's Fund			
Share Capital	40,00,00,000	40,00,00,000	40,00,00,000
Retained Earnings	(3,56,67,177)	(1,75,89,819)	(73,25,572)
Total Equity	**36,43,32,823**	**38,24,10,181**	**39,26,74,428**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Loans and Borrowings	69,49,90,251	69,49,90,251	55,05,18,440
Lease Liabilities	24,45,904	25,56,499	-
Total Non-Current Liabilities	**69,74,36,155**	**69,75,46,750**	**55,05,18,440**
Current Liabilities:			
Financial Liabilities			
Short Term Loans and Borrowings	5,33,00,000	5,33,00,000	6,63,98,790
Trade and Other Payables	7,96,33,898	7,92,24,250	12,10,07,626
Other Current Liabilities	19,12,603	18,84,662	14,47,682
Total Current Liabilities	**13,48,46,501**	**13,44,08,912**	**18,88,54,098**
Total Liabilities	**83,22,82,656**	**83,19,55,662**	**73,93,72,538**
Total Equity and Liabilities	**1,19,66,15,479**	**1,21,43,65,843**	**1,13,20,46,966**

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 Nepal

Dipak Rai
Chairman

Chirkhwa Hydropower Limited
KMC-10, Nepal

Unaudited Statement of Profit or Loss

Amount in NRs.

Particulars	From 1st Shrawan, 2081 to 32nd Asadh, 2082	From 1st Shrawan, 2081 to 31st Chaitra, 2081	From 1st Shrawan, 2080 to 31st Asadh, 2081 (Previous Year Corresponding Quarter)
Revenue from Operation	11,84,63,103	9,78,70,527	-
Less: Cost of Sales	2,05,22,685	1,44,39,406	-
Gross Profit /(Loss)	**9,79,40,419**	**8,34,31,121**	-
Add: Other Income	-	-	-
Total Income/(Loss)	**9,79,40,419**	**8,34,31,121**	-
Employee Benefit Expenses	32,74,788	25,18,788	5,14,270
Administrative Expenses	54,02,813	40,59,096	7,26,826
Depreciation and Amortization Expenses	4,17,58,404	3,17,12,802	-
Total Expenses	**5,04,36,005**	**3,82,90,686**	**12,41,096**
Profit/(Loss) from Operation	**4,75,04,413**	**4,51,40,435**	**(12,41,096)**
Finance Costs	5,29,40,675	4,02,62,322	-
Profit before Tax	**(54,36,262)**	**48,78,113**	**(12,41,096)**
Tax Expenses			
Current Tax Expenses	-	-	-
Deferred Tax	-	-	-
Net Profit for the Year	**(54,36,262)**	**48,78,113**	**(12,41,096)**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**(54,36,262)**	**48,78,113**	**(12,41,096)**

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 Nepal

Dipak Rai
Chairman

Chirkhwa Hydropower Limited
KMC-10,Nepal

Ratios from Unaudited Financial Statements

Amount in NRs.

Particulars	This Quarter Ending on Asadh, 2082 (Unaudited)	Previous Quarter Ending on Chaitra, 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Asadh, 2081 (Unaudited)
Earning	(54,36,262)	48,78,113	(12,41,096)
No of Shares	40,00,000	40,00,000	40,00,000
Earning per Share	(1.36)	1.22	(0.31)
Earning per Share(Annualized)	(1.36)	4.88	(1.24)
Market Value per Share	662	711	541
Earnings per Share	(1.36)	1.22	(0.31)
P/E Ratio	(487.17)	583.18	(1,743.94)
Total Net Worth	36,43,32,823	38,24,10,181	39,52,94,346
No of Shares	40,00,000	40,00,000	40,00,000
Net Worth per Share	91.08	95.60	98.82
Total Assets	1,19,66,15,479	1,21,43,65,843	1,11,47,02,703
No of Shares	40,00,000	40,00,000	40,00,000
Total Assets per Share	299.15	303.59	278.68
Current Assets	5,63,14,083	6,40,09,790	3,88,27,441
Current Liabilities	13,48,46,501	13,44,08,912	17,14,73,267
Current Ratio	0.42	0.48	0.23

Sabita Maharjan
Accountant

Chirkhwa Hydropower Ltd. 2019 Nepal

Dipak Rai
Chairman

सिंहदरबार वैद्यखाना घाटामै भए पनि सुधारको संकेत

ऐतिहासिक संस्था पुनरुत्थानको दिशामा

नेपाल समाचारपत्र, काठमाडौं

लामो समयदेखि आर्थिक संकटमा रहेको सिंहदरबार वैद्यखाना घाटामै छ, तर पछिल्लो समय सुधारका संकेत देखिन थालेको जनाएको छ। वैद्यखानाले चालू आर्थिक वर्ष २०८१/८२ मा लगभग ३ करोड रुपियाँ आम्दानी गरेको र ५ करोड खर्च गरेर अझै घाटामै रहे पनि उत्पादन विस्तार, व्यवस्थापन सुधार, र कर्मचारीको सक्रियताले भविष्य उज्यालो देखिएको जनाएकोछ।

शुक्रवार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक डा. प्रदीप केसीले वैद्यखानाको आर्थिक स्थिति, उत्पादन वृद्धि, र आगामी योजनाका बारेमा जानकारी दि।नुभयो। उहाँका अनुसार, पछिल्लो आम्दानीको अधिकांश हिस्सा आर्थिक वर्षको अन्तिम दुई महिनामै संकलन गरिएको हो।

'यदि यही गतिमा काम गर्न सक्यौं भने आगामी वर्ष वैद्यखाना घाटाबाट नाफातर्फ जान सक्छ' – डा.केसी.ले भन्नुभयो।

विगत आर्थिक वर्ष २०८०/८१ मा वैद्यखानाको आम्दानी १ करोड ४८ लाखमात्र थियो, जबकि खर्च ५ करोड ५२ लाख पुगेको थियो। तर, २०८१/८२ मा आम्दानी दोब्बरले वृद्धि भएर २ करोड ९० लाख पुगेको छ, यद्यपि खर्च अझै ५ करोडको हाराहारी छ।

डा. केसीका अनुसार, नयाँ नेतृत्व, कर्मचारीको प्रयास, र विभागीय सहयोगले वैद्यखानालाई सुधारको बाटोमा ल्याउन सम्भव भएको हो। उहाँका अनुसार, ५३ ब्रान्डका ४० प्रकारका आयुर्वेदिक औषधिहरू अहिले उत्पादनमा छन् भने आगामी केही महिनाभित्र १३ नयाँ ब्रान्ड थपिने छन्।

हाल उत्पादनमा रहेका औषधिमा अविपत्तिकर चूर्ण, अश्वगन्धा, शतावरी ग्रानुल्स, त्रिफलाचूर्ण, सितोपलादि चूर्ण लगायतका सामग्री छन्। यसैबीचमा गोक्षुरादी गुग्गुलु, प्रवाल पञ्चामृत, मकरध्वज, वसन्तकुसुमाकर रसजस्ता औषधिहरू उत्पादन प्रक्रियामा रहेको जानकारी गराइयो।

अर्कोतर्फ, लिभकेयर, निम्वादी तेल, डाइबियर, अश्वगन्धारिष्ट, दशमुलारिष्टजस्ता औषधिहरू उत्पादन शुरू गर्ने तयारी भइरहेको छ।

'हाम्रो लक्ष्यअनुरूप काम गर्न केही प्राविधिक चुनौती छन् तर हामी लक्ष्यप्रति दृढ छौं' –डा. केसी.ले भन्नुभयो। डा. केसी २०८० माघदेखि वैद्यखानामा संलग्न हुनुहुन्छ। शुरूमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको महानिर्देशकको रूपमा नियुक्त भए पनि २०८१ कात्तिकदेखि उहाँले वैद्यखाना सम्हाल्नुभएको हो। उहाँले बारम्बार कर्मचारीहरूको योगदान र विकास समिति तथा मन्त्रालयको सहयोगले संस्थालाई सुधार गर्न सहयोग गरेको बताउनुभयो।

वैद्यखानाको इतिहास मल्लकालदेखि शुरू हुन्छ। प्रताप मल्लले १६ औं शताब्दीमा हनुमानढोकामा स्थापना गर्नुभएको थियो। जङ्गबहादुर राणाले १९०४ सालमा थापाथली सारेर सञ्चालन गरेका वैद्यखाना १९९० सालको आगलागीपछि सिंहदरबारमा सारिएको हो।

२०५१ सालमा सिंहदरबार वैद्यखाना विकास समितिमा परिणत भएको यो संस्था हालसम्म सरकारी स्वामित्वमा छ। विगतमा कच्चा पदार्थको आपूर्ति ढिलाइ, दक्ष जनशक्तिको अभाव, र नेतृत्वको अस्थिरता प्रमुख समस्या थिए। अझै पनि ठेकेदारको असहयोग र समयमै सामग्री नपुग्ने चुनौती कायमै रहेको जानकारी गराइयो। सरकारले यी समस्या पहिचान गरी दीर्घकालीन समाधानमा ध्यान दिन सके, यो ऐतिहासिक संस्थाले फेरि आत्मनिर्भर र आर्थिक रूपमा सक्षम बन्न सक्ने जानकारी गराइयो।

हाल वैद्यखाना घाटामै भए पनि वर्तमान नेतृत्वको सक्रियता, उत्पादन विविधीकरण, र कर्मचारीको समर्पणले भविष्यप्रति आशावादी संकेत देखिएको छ। यदि, सरकारले प्राविधिक र नीतिगत पक्षमा आवश्यक सहयोग गर्यो भने सिंहदरबार वैद्यखाना नाफाको बाटोमा फर्कन सक्ने सम्भावना बलियो छ।

अघिल्लो वर्षभन्दा उद्योग खुल्नेको संख्यामा वृद्धि

देशभित्र रोजगारीको अभाव, वैदेशिक रोजगारमा युवाको बढ्दो निर्भरता

भवनाथ प्याकुरेल, काठमाडौं

रोजगारीका अवसरको चरम अभाव, बेरोजगारीको दरमा दिनानुदिनको वृद्धि र श्रम बजारमा सरकारको असक्षमताका कारण वैदेशिक रोजगारमा जानेको संख्या बढेको छ। रोजगारी खोज्दै दैनिक हजारौं नेपाली युवा विदेशिएसँगै देशभित्र जनशक्तिको अभाव गहिरिँदै गएको हो।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले उद्योग अघिल्लो वर्ष उद्योग खुल्न सहज बनाउन कानुन संशोधन गरेसँगै उद्योग खोल्ने क्रम बढेको बताउनुभयो। उहाँले आर्थिक वर्ष २०८०/०८१ मा ४ सय ३४ उद्योग खुलेकोमा २०८१/२०८२ मा ७ सय दर्ता भएको जानकारी दिनुभयो। मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा ६१ अर्ब ७७ करोड विदेशी लागानी आएकोमा २०८१/२०८२ मा ६४ अर्ब ९६ करोड प्रस्तावित लगानी आउने देखिएको छ। जसमा २०८०/०८१ मा ४०२ ओटा उद्योगमा विदेशी लगानी स्वीकृति भएकोमा २०८१/२०८२ मा ८ सय ४० ओटा उद्योग स्वीकृति भएको छ।

श्रम तथा रोजगार मन्त्रालयको तथ्यांकअनुसार पछिल्लो वर्षमात्रै झन्डै ७ लाख नेपालीले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका छन्। यो संख्या अघिल्लो वर्षको तुलनामा उल्लेखनीय वृद्धि हो। मुख्यतया मलेसिया, खाडी मुलुकहरू, कोरिया र युरोपसम्म नेपालीको आकर्षण देखिएको छ। तर, प्रश्न उठ्छ- किन देशमै काम छैन ? किन सरकार युवालाई यहीँ टिकाउने नीति ल्याउन असफल देखिएको छ ?

विशेषज्ञहरू भन्छन्- नेपालमा रोजगारी सिर्जनाको स्पष्ट रणनीति छैन। उद्योगधन्दा खोल्न चाहनेलाई नीति र अनुमति प्रक्रियाको जटिलता, लगानीमैत्री वातावरणको अभाव, प्राविधिक शिक्षाको कमजोरी र सरकारी संयन्त्रमा गम्भीरता नहुनु मुख्य कारण हुन्।

सामाजिक र आर्थिक दबाब

घरपरिवारको आर्थिक अवस्था सुधार गर्ने सपना बोकेका युवाहरूले आफ्नै भूमिमा सम्भावना नदेखेपछि वैदेशिक रोजगारीलाई विकल्प होइन, बाध्यता मानिरहेका छन्। कम तलब, स्थायीत्वविहीन रोजगार र श्रम शोषणको डर हुँदाहुँदै पनि उनीहरू विदेशिन आतुर छन्।

सरकारको मौनता र असक्षमता

श्रम मन्त्रालयले बेरोजगारी न्यूनीकरणका लागि विभिन्न योजना ल्याएको दाबी गरे पनि ती योजनाहरू कागजमै सीमित छन्। 'स्वदेशमै रोजगार' जस्ता कार्यक्रम बजेट भाषणमा सीमित छन् तर कार्यान्वयनको स्तर न्यून छ। रोजगारी सिर्जना गर्ने भनेर स्थापना गरिएका तालिम केन्द्रहरू पर्याप्त दक्ष जनशक्ति उत्पादन गर्न असफल भएका छन्। स्थानीय तहमा पनि रोजगार संयोजनमा समन्वयको अभाव छ।

रोजगार सिर्जनामा गम्भीर ध्यान दिनुपर्ने बेला

विश्लेषकहरू भन्छन्- 'देशभित्र रोजगारी सिर्जना गर्न नसकुन्जेल वैदेशिक रोजगारको लहर रोकिने छैन। यसको दीर्घकालीन असर मुलुकको अर्थतन्त्र र सामाजिक संरचनामा गहिरो असर पार्न सक्छ।' अब सरकारको मुख्य प्राथमिकता स्वदेशमै रोजगारी सिर्जना गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन दिने र सीपमूलक शिक्षा तथा तालिममा लगानी बढाउने हुनुपर्ने देखिन्छ।

राजनीतिक दल स्वमूल्यांकन कार्यविधिप्रति दलहरूको आपत्ति

सुनील महर्जन, काठमाडौं

निर्वाचन आयोगले तयार गरेको राजनीतिक दल स्वमूल्यांकन कार्यविधि २०८२ ले राजनीतिक दलहरूलाई नियन्त्रण गर्न खोजेको भन्दै त्यसप्रति विभिन्न राजनीतिक दलहरूले आपत्ति जनाएको छ।

राजनीतिक दलहरूको स्वमूल्यांकन गर्न आयोगले तयार गरेको स्वमूल्याकंनसम्बन्धी कार्यविधिको मस्यौदा उपर राजनीतिक दलहरूले विरोध गरेका हुन्। आयोगले स्वमूल्याकंनको मस्यौदामा सुझाव दिन दलहरूलाई आज शुक्रवारसम्मको समय दिएको थियो। दलहरूले सो कार्यविधिको आवश्यक नभएको तर्क तेर्स्याएका छन्। राजनीतिक दलको आन्तरिक कार्यविधिलाई व्यवस्थित गर्दै उनीहरूको कामकारबाहीलाई पारदर्शी र जिम्मेवार बनाउन आयोगले सो मस्यौदा तयार गरेको हो। 'राजनैतिक दललाई मूल्यांकन जनताले, निर्देशित संविधानले गर्ने हो। आयोगले गर्ने होइन', नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले राजधानीमा आयोजित एक समारोहमा भन्नुभयो- 'यसप्रति संस्थागत र व्यक्तिगत रूपमा विरोध गर्दछु।'

त्यसैगरी नेकपा एमाले केन्द्रीय निर्वाचन प्रमुख निरज आचार्यले स्वमूल्याकंन राजनीतिक दलहरूको आन्तरिक मामिला भएको उल्लेख गर्दै भन्नुभयो- 'सैद्धान्तिक रूपमै राजनीतिक दल स्वमूल्यांकन कार्यविधि दल स्वयंको आन्तरिक विषय भएकाले राजनीतिक दल स्वमूल्यांकन कार्यविधिप्रति एमालेको असहमति रहेको छ।'

यही कार्यविधिको आपत्ति जनाउँदै नेकपा माओवादी केन्द्रले कांग्रेस र एमालेबाहेक संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको बैठक राखेर यसको प्रतिवाद गरेको छ। केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का अनुसार साना दल मास्ने षड्यन्त्रस्वरूप कांग्रेस एमालेको चाहनाअनुरूप कार्यविधि आएको निष्कर्ष निकालेको थियो।

सोही बैठकले कार्यविधि निर्माण संविधान र कानुनविपरीत भएकाले साझा प्रतिवाद गर्ने समेत निर्णय गरेको थियो। 'संविधान विपरीत, निर्वाचन कानुन विपरीत र राजनीतिक दलसम्बन्धी ऐनविपरीत कार्यविधि आएको छ' -राप्रपाका नेता बुद्धिमान तामाङले भन्नुभयो। सो कार्यविधि दलहरूमाथि नियमन गर्न नभएर नियन्त्रण गर्ने गरी ल्याउनुमा मनसाय नै गलत रहेको रास्वपाका सांसद गणेश पराजुलीले बताउनुभयो।

मस्यौदामा दलहरूको मूल्यांकनका लागि विभिन्न सूचक र अंकभार प्रस्ताव गरिएको छ। मस्यौदाले संगठनात्मक संरचनाका लागि ८ आन्तरिक व्यवस्थापनका लागि २२ तथा दलको जिम्मेवारीका लागि १५ अंक प्रस्ताव गरेको छ। त्यसै गरी, लैंगिक तथा समावेशी व्यवस्थाका लागि १० अंक, कोष व्यवस्थापन र लेखा परीक्षणजस्तो महत्वपूर्ण पक्षका लागि २० अंक, निर्वाचनमा सहभागिता र प्रतिनिधित्वका लागि १५ अंक तथा अन्य राजनीतिक व्यवस्थाका लागि १० अंक तोकिएको छ।

आजको राशिफल

• ज्यो. काश्यप उपाध्याय

मेष

दिन शुभ छ। कोसेली, पुरस्कार प्राप्तिका साथै कार्य सफल, लाभको सम्भावना छ।

वृष

दिन शुभ देखिँदैन। नोक्सानी, चोटपटकको भयका साथै निरर्थक खर्चको सम्भावना छ।

मिथुन

सानै प्रयासमा पैसा, विविध सेवा वा वस्तुको प्राप्ति, मीठो भोजनको सम्भावना छ।

कर्कट

दिन शुभ फलदायक छ। सुख-सन्तोष मिल्ला। स्वस्थ एवं मन प्रफुल्लित हुनेछ।

सिंह

राजनीतिक असफलता, राज्यबाट तनाव, प्रतिष्ठामा ह्रास आउन सक्ने देखिन्छ।

कन्या

दिन शुभ देखिँदैन। रोगव्याधि, नोक्सानी, बाधा आउन सक्ने हुँदा सजग रहनु बेस।

तुला

दिन शुभ फलदायक छ। धन लाभ, मान-सम्मान, परीक्षामा सफलता हुने देखिन्छ।

वृश्चिक

समय शुभ छ। सानै प्रयासमा द्रव्य लाभ, विजय, खेलकुद-परीक्षामा सफलता हुनेछ।

धनु

सजग रहनुस्। वायुजन्य रोगको भय, काममा असफलता, शोक हुन सक्ने देखिन्छ।

मकर

दिन अशुभ भएकाले झ्काडापखाला, ग्यास्ट्रिक, निरर्थक घुमफिर नहोला भन्न सकिन्न।

कुम्भ

शुभ दिन भएकाले आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता होला।

मीन

धन हानि, मानसिक चञ्चलता, आँखामा समस्या हुन सक्छ। सजग रहनु बेस होला।

Chirkhwa Hydropower Limited

KMC-10, Nepal

Unaudited Statement of Financial Position

Amount in NRs.

Particulars	This Quarter Ending on Asadh, 2082 (Unaudited)	Previous Quarter Ending on Chaitra, 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Asadh, 2081 (Unaudited)
Assets			
Non- Current Assets:			
Property, Plant & Equipment	1,536,417	1,603,472	1,438,336
Intangible Assets	1,136,462,609	1,146,293,069	1,081,768,193
Right of Use(ROU) Assets	2,252,370	2,409,512	-
Intangible Assets Under Construction	-	-	-
Other Non-Current Assets	50,000	50,000	50,000
Total Non- Current Assets	**1,140,301,396**	**1,150,356,053**	**1,083,256,529**
Current Assets			
Financial Assets			
Cash and Cash Equivalents	552,499	10,826,081	385,454
Trade Receivables	16,672,588	12,672,899	11,026,566
Loans and Advances	34,220,434	35,642,248	30,965,106
Other Current Assets	4,868,562	4,868,562	6,413,311
Total Current Assets	**56,314,083**	**64,009,790**	**48,790,437**
Total Assets	**1,196,615,479**	**1,214,365,843**	**1,132,046,966**
Equity			
Share Holder's Fund			
Share Capital	400,000,000	400,000,000	400,000,000
Retained Earnings	(35,667,177)	(17,589,819)	(7,325,572)
Total Equity	**364,332,823**	**382,410,181**	**392,674,428**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Loans and Borrowings	694,990,251	694,990,251	550,518,440
Lease Liabilities	2,445,904	2,556,499	-
Total Non-Current Liabilities	**697,436,155**	**697,546,750**	**550,518,440**
Current Liabilities:			
Financial Liabilities			
Short Term Loans and Borrowings	53,300,000	53,300,000	66,398,790
Trade and Other Payables	79,633,898	79,224,250	121,007,626
Other Current Liabilities	1,912,603	1,884,662	1,447,682
Total Current Liabilities	**134,846,501**	**134,408,912**	**188,854,098**
Total Liabilities	**832,282,656**	**831,955,662**	**739,372,538**
Total Equity and Liabilities	**1,196,615,479**	**1,214,365,843**	**1,132,046,966**

Unaudited Statement of Profit or Loss

Amount in NRs.

Particulars	From 1st Shrawan, 2081 to 32nd Asadh, 2082	From 1st Shrawan, 2081 to 31st Chaitra, 2081	From 1st Shrawan, 2080 to 31st Asadh, 2081 (Previous Year Corresponding Quarter)
Revenue from Operation	118,463,103	97,870,527	-
Less: Cost of Sales	20,522,685	14,439,406	-
Gross Profit /(Loss)	**97,940,419**	**83,431,121**	-
Add: Other Income	-	-	-
Total Income/(Loss)	**97,940,419**	**83,431,121**	-
Employee Benefit Expenses	3,274,788	2,518,788	514,270
Administrative Expenses	5,402,813	4,059,096	726,826
Depreciation and Amortization Expenses	41,758,404	31,712,802	-
Total Expenses	**50,436,005**	**38,290,686**	**1,241,096**
Profit/(Loss) from Operation	**47,504,413**	**45,140,435**	**(1,241,096)**
Finance Costs	52,940,675	40,262,322	-
Profit before Tax	**(5,436,262)**	**4,878,113**	**(1,241,096)**
Tax Expenses			
Current Tax Expenses	-	-	-
Deferred Tax	-	-	-
Net Profit for the Year	**(5,436,262)**	**4,878,113**	**(1,241,096)**
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**(5,436,262)**	**4,878,113**	**(1,241,096)**

Ratios from Unaudited Financial Statements

Amount in NRs.

Particulars	This Quarter Ending on Asadh, 2082 (Unaudited)	Previous Quarter Ending on Chaitra, 2081 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Asadh, 2081 (Unaudited)
Earning	(5,436,262)	4,878,113	(1,241,096)
No of Shares	4,000,000	4,000,000	4,000,000
Earning per Share	(1.36)	1.22	(0.31)
Earning per Share(Annualized)	(1.36)	4.88	(1.24)
Market Value per Share	662	711	541
Earnings per Share	(1.36)	1.22	(0.31)
P/E Ratio	(487.17)	583.18	(1,743.94)
Total Net Worth	364,332,823	382,410,181	395,294,346
No of Shares	4,000,000	4,000,000	4,000,000
Net Worth per Share	91.08	95.60	98.82
Total Assets	1,196,615,479	1,214,365,843	1,114,702,703
No of Shares	4,000,000	4,000,000	4,000,000
Total Assets per Share	299.15	303.59	278.68
Current Assets	56,314,083	64,009,790	38,827,441
Current Liabilities	134,846,501	134,408,912	171,473,267
Current Ratio	0.42	0.48	0.23

धितोपत्र तथा निस्कासन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)

आ.व. ०८१/८२ को चौथो त्रैमासिक विवरण

१. **वित्तिय विवरण :**

क) आ.व. २०८१/०८२ को चौथो त्रैमासिक अपरिष्कृत विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) व्यवस्थापनद्वारा तयार गरी यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ।

ख) प्रमुख वित्तिय अनुपातहरु निम्नाअनुसार रहेको छ :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मूल्य	मूल्य आम्दानी अनुपात	तरलता अनुपात
(१.३६)	९१.०८	२९९।१५	(४८७.१७)	०.४२

२. **व्यवस्थापकीय विश्लेषण :**

क) यस कम्पनीको माथिल्लो चिरख्वा खोला जलविद्युत आयोजनाको विद्युत मिति २०८१/२/२० गतेबाट बिक्री शुरु भएको।

ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य नयाँ व्यवसायिक योजनाहरु नरहेको।

ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था जानकारीमा नरहेको।

३. **कानुनी कारवाही सम्बन्धि विवरण :**

यस त्रैमासिक अवधिमा कम्पनीले र कम्पनी बिरुद्ध कुनैपनि मुद्दा दायर भएको छैन साथै उक्त अवधिमा कम्पनीका संस्थापक वा संचालकले र संस्थापक वा संचालकका बिरुद्ध प्रचलित नियमको अवज्ञा, फौजदारी अपराध तथा आर्थिक अपराध सम्बन्धि कुनै पनि मुद्दा दायर भएको जानकारी छैन।

४. **कम्पनीको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार, शेयर कारोवारको सामान्य सिद्धान्त र नियमानुसार नै भएको हुँदा संस्थाको कुनै विशेष धारणा नरहेको। यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या नेपाल स्टक एक्सचेनज लि. को वेबसाइट बमोजिम निम्नानुसार रहेको :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार कुल दिन	कारोवार संख्या	कारोबार रकम
७४०/६३	६०८/३६	६६२/०९	६३ दिन	४,०५,५१९	२७,००,०६,६४५/००

५. **समस्या तथा चुनौती :** संस्थाले बहन गर्नुपर्ने आन्तरिक समस्या तथा चुनौती नरहेको र बाह्य चुनौतीहरुमा परियोजना स्थलमा प्राकृतिक विपत्ति जस्तै बाढी पहिरो तथा भूकम्प रहेता पनि यस अवधिसम्ममा उक्त विपत्तिहरुले आयोजनालाई असर पारेको छैन।

६. **संस्थागत सुशासन :** संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा नियम कानुनको पालना तथा लेखा परीक्षकबाट प्राप्त सुझावहरुलाई कार्यान्वयन गर्न यथेष्ट कदमहरु चालेको छ।

७. **सत्य तथ्य सम्बन्धमा अध्यक्षको उद्घोष :** आजका मिति सम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना जानकारीहरु लुकाइएको छैन।

संचालक अध्यक्ष